# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ ८ गते २०५५ साल (संख्या १९

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४७, संख्या ४९, मिति २०५४।१२।१० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित जग्गा दर्तासम्बन्धी समितिका अध्यक्ष डा. श्री कौशलेन्द्रबहादुर श्रीवास्तव र सदस्य श्री राम व्यास यादव, ठूलो खैरटवाको सट्टा अध्यक्षमा श्री रामचन्द्र मौर्य र सदस्यमा श्री रामप्रीत जैसवाललाई नियुक्ति गरी उक्त समितिको कार्यावधि यो सूचना प्रकाशन भएको मितिले ६ महिना थप गरेको छ ।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव

१४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार असाधारण बिदामा बस्नुभएका मन्त्रिपरिषद् सचिवालयका तत्कालीन सचिव डा श्री द्वारिकानाथ ढुंगेलको रा.प. विशिष्ट श्रेणीको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखेको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार प्रशासन सुधार अनुगमन समितिका सचिव डा. श्री रवीन्द्रकुमार शाक्यलाई मन्त्रिपरिषद् सचिवालयको सचिव पदमा सरुवा गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्ति समूहमा रा.प. विशिष्ट श्रेणीको पदाधिकार राखी विज्ञान तथा प्रविधि मन्त्रालयमा सचिवको काम गर्ने गरी काजमा पठाइनुभएका श्री जगदीश्वर उपाध्यायलाई विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ।

### सूचना ४

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार महिला तथा समाज कल्याण मन्त्रालयका का.मु. सचिव श्री रामेश्वर शाहलाई सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरेको छ।

### सूचना ५

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार संसदीय व्यवस्था मन्त्रालयका का. मु. सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरेको छ।

### सूचना ६

श्री ५ को सरकारले मिति २०५५।४।७ को निर्णयानुसार जनसंख्या तथा वातावरण मन्त्रालयका का.मु. सचिव श्री बरूणप्रसाद श्रेष्ठलाई सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरेको छ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

१४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
नक्कल मात्र, असली होइन

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।